19.08.2026 (Wednesday)

National News

1. राष्ट्रपति द्रौपदी मुर्मूद्वारा भारतीय सूचना, सेवा र भारतीय सांख्यिकी सेवाका प्रशिक्षणरत अधिकारीहरूलाई सत्यनिष्ठा, विवेकशीलता र जनसेवाप्रति समर्पित भएर कार्य गर्न आग्रह....

2.केन्द्रीय मन्त्रीमण्डलद्वारा १३ हजार करोड रुपैयाँभन्दा बढी लागतका पाँचवटा नयाँ रेल तथा सडक पूर्वाधार आयोजनाहरू स्वीकृत..

3.केन्द्रीय गृहमन्त्री अमित शाहको अध्यक्षतामा भोलि तमिलनाडुको महाबलीपुरममा दक्षिण क्षेत्रीय परिषद्को बैठक बस्दै ।

4.भारत–जापान आर्थिक तथा लगानी साझेदारी सुदृढ बनाउन उत्तर प्रदेश–जापान लगानी शिखर सम्मेलन नयाँदिल्लीमा सम्पन्न; आर्थिक वृद्धि, पूर्वाधार विकास र कृषि आधुनिकीकरणमा जोड ...

4.लागत–प्रभावकारिता कायम राख्दै विश्वस्तरीय गुणस्तरको पूर्वाधार निर्माण सरकारको पहिलो प्राथमिकता रहेको केन्द्रीय मन्त्री नितिन गडकरीको भनाई

<u>1.राष्ट्रपति द्रौपदी मुर्मू</u>

राष्ट्रपति द्रौपदी मुर्मूले आज नयाँदिल्लीस्थित राष्ट्रपति भवनमा भारतीय सूचना सेवा (IIS) र भारतीय सांख्यिकी सेवा (ISS) का प्रशिक्षणरत अधिकारीहरूसँग अन्तरक्रिया गर्नुभएको छ । सो अवसरमा उहाँले प्रविधि, सञ्चार माध्यम, अर्थशास्त्र र लोक नीतिको दुनियाँ तीव्र गतिमा परिवर्तन भइरहेको उल्लेख गर्दै अधिकारीहरूलाई आफ्ना निर्णयहरूमा विवेकशील, आचरणमा करुणामय र सत्यनिष्ठाप्रति सधैं अडिग रहन सल्लाह दिनुभएको छ ।

राष्ट्रपति मुर्मूले अधिकारीहरूलाई सुम्पिने जिम्मेवारीसँगै जनताको निष्पक्षता, विनम्रता र पूर्ण समर्पणका साथ सेवा गर्ने ठूलो दायित्व पनि जोडिएर आउने कुरामा जोड दिनुभयो । प्रभावकारी सञ्चार र विश्वसनीय सूचना एक जीवन्त लोकतन्त्रका प्रमुख आधार हुन् भन्दै उहाँले प्रशिक्षणरत अधिकारीहरूलाई आफ्नो करियरभर निरन्तर सिकिरहन र नयाँ सीपहरू विकास गर्न आग्रह गर्नुभयो । साथै, सामाजिक सञ्जालको सही सदुपयोग गर्दै नागरिकहरूलाई सुसूचित गर्नुका साथै उनीहरूका गुनासाहरू सुनेर उचित प्रतिक्रिया दिन पनि उहाँले विशेष निर्देशन दिनुभएको छ ।

## 2.केन्द्रीय मन्त्रीमण्डल

नयाँदिल्लीमा आज आयोजित मन्त्रीमण्डलको बैठकपछि पत्रकारहरूलाई जानकारी गराउँदै सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले १३ हजार ४१ करोड रुपैयाँ बराबरका नयाँ आयोजनाहरू स्वीकृत भएको बताउनुभएको छ।

मन्त्री वैष्णवले स्वीकृत गरिएका चारवटा बहु-ट्र्याकिङ रेल परियोजनाहरू अन्तर्गत खड़गपुर-भद्रक चौथो लाइन, भद्रक-हरिदासपुर चौथो लाइन, गुम्मिदिपुण्डी-गुदुर तेस्रो तथा चौथो लाइन र कटक-पारादीप तेस्रो तथा चौथो लाइन निर्माण गरिने जानकारी दिनुभयो। पश्चिम बंगाल, ओडिसा, तमिलनाडु र आन्ध्र प्रदेशका आठवटा जिल्लालाई समेट्ने यी परियोजनाहरूबाट भारतीय रेल सञ्जालमा करिब ४१० किलोमिटर नयाँ लाइन थपिनेछ। ९ हजार ४५० करोड रुपैयाँको कुल अनुमानित लागत रहेको यी परियोजनाहरू सन् २०३०-३१ सम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

यसैगरी,मन्त्रीमण्डलले बिहारस्थित राष्ट्रिय राजमार्ग-२२ को मुजफ्फरपुर-सीतामढी-सोनबरसा खण्डलाई चार लेनमा स्तरोन्नति गर्ने प्रस्ताव पनि स्वीकृत गरेको छ। ३ हजार ५९० करोड रुपैयाँभन्दा बढीको लागतमा हाइब्रिड एन्युइटी मोड (HAM) अन्तर्गत विकास गरिने यो ८२.५७ किलोमिटर लामो परियोजना रहेको छ।

## 3.केन्द्रीय गृहमन्त्री अमित शाह

केन्द्रीय गृहमन्त्री अमित शाहले भोलि तमिलनाडुको महाबलीपुरममा दक्षिण क्षेत्रीय परिषद्को बैठकको अध्यक्षता गर्नुहुने भएको छ। यस परिषद् अन्तर्गत आन्ध्र प्रदेश, कर्नाटक, केरला, तमिलनाडु, तेलंगाना राज्यहरू तथा पुदुचेरी, अण्डमान र निकोबार द्वीपसमूह र लक्षद्वीप जस्ता केन्द्र शासित प्रदेशहरू रहेका छन्।

गृह मन्त्रालयका अनुसार क्षेत्रीय परिषद्ले मुख्यसचिवहरूको स्तरमा एक स्थायी समिति गठन गरेको छ। राज्यहरूद्वारा प्रस्तावित मुद्दाहरूलाई पहिले यसै स्थायी समितिमा छलफलका लागि पेस गरिन्छ र त्यहाँ विस्तृत छलफल भएपछि मात्र बाँकी विषयहरूलाई परिषद्को बैठकमा विचारका लागि प्रस्तुत गरिनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले सहकारितामूलक संघीयताको आधारमा 'टीम भारत' को परिकल्पना गर्नुभएको छ र क्षेत्रीय परिषद्हरूले यस दिशामा महत्त्वपूर्ण योगदान पुर्याउँदै आएका छन्।

यसैबीच,भारतीय रक्षामन्त्री राजनाथ सिंह र जापानका रक्षामन्त्री शिन्जिरो कोइजुमीबीच भोलि नयाँदिल्लीमा द्विपक्षीय भेटवार्ता हुँदैछ। यस बैठकले भारत र जापानबीचको रक्षा

सम्बन्धलाई अझ सुदृढ पार्ने, रणनीतिक विश्वास बढाउने तथा इन्डो-प्यासिफिक क्षेत्रमा शान्ति र स्थायित्व कायम गर्न सहयोग पुर्याउने अपेक्षा गरिएको छ ।

4.भारत–जापान आर्थिक

नयाँदिल्लीमा आयोजित उत्तर प्रदेश-जापान लगानी शिखर सम्मेलनलाई सम्बोधन गर्दै केन्द्रीय मन्त्री अश्विनी वैष्णव, उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ र केन्द्रीय मन्त्री शिवराज सिंह चौहानले भारत र उत्तर प्रदेशको आर्थिक विकास तथा भारत-जापान सम्बन्धको महत्त्वमाथि प्रकाश पार्नुभएको छ ।

सम्मेलनमा मन्त्री वैष्णवले भारतको आर्थिक वृद्धिदर ६ देखि ८ प्रतिशतको दायरामा रहेको बताउँदै पूर्वाधार विकास, समावेशी वृद्धि र उत्पादन क्षेत्र मुख्य स्तम्भ रहेको उल्लेख गर्नुभयो । त्यस्तै, मुख्यमन्त्री योगी आदित्यनाथले उत्तर प्रदेश देशको प्रमुख अर्थतन्त्र र विकासको इन्जिनको रूपमा उदीयमान भएको बताउँदै राज्यमा उद्योग, स्टार्ट-अप र एमएसएमई क्षेत्रको योगदान बढिरहेको जानकारी दिनुभयो ।

त्यसैगरी, मन्त्री शिवराज सिंह चौहानले सरकार कृषिको उत्पादन बढाउन, कृषिलाई आधुनिक प्रविधिसँग जोड्न र भारतलाई विश्वको खाद्य भण्डार बनाउन निरन्तर प्रयासरत रहेको बताउनुभयो ।

5.यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरी

केन्द्रीय सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले सरकारको प्रमुख प्राथमिकता लागत-प्रभावकारिता कायम राख्दै उच्च गुणस्तरीय पूर्वाधार उपलब्ध गराउनु रहेको बताउनुभएको छ । नयाँदिल्लीमा आयोजित 'टनेल्स एन्ड ब्रिजेश कन्फरेन्स २०२६' को चौथो संस्करणलाई सम्बोधन गर्दै उहाँले पूर्वाधार विकासको गुणस्तरमा कुनै पनि हालतमा सम्झौता गर्न नहुने कुरामा जोड दिनुभयो ।

मन्त्री गडकरीले उत्कृष्ट पूर्वाधार निर्माण गर्न र अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न विस्तृत र प्रभावकारी विस्तृत परियोजना प्रतिवेदन (DPR) को आवश्यकता औंल्याउनुभयो । उहाँले कमजोर गुणस्तरका डीपीआर र अपर्याप्त भूवैज्ञानिक डेटाले प्रायः लागत वृद्धि, ढिलाइ र सुरक्षासम्बन्धी समस्या निम्त्याउने बताउनुभयो ।

## 6.ब्रिक्स (BRICS

भारतको अध्यक्षतामा भइरहेको ब्रिक्स (BRICS) सम्मेलन अन्तर्गत आज गुजरातको गान्धीनगरमा ब्रिक्स युवा परिषद् बैठक र युवा शिखर सम्मेलन सुरु भएको छ । युवा मामिला तथा खेलकुद मन्त्रालयको युवा मामिला विभागले आयोजना गरेको यो दुईदिने कार्यक्रममा 'युवा शक्ति' लाई नवप्रवर्तन र दिगो विकासको मुख्य आधारको रूपमा प्रस्तुत गरिएको छ ।
यस सम्मेलनका छलफलहरू आगामी अगस्ट २२ तारिखमा आन्ध्र प्रदेशको विशाखापट्टनममा हुने ब्रिक्स युवा मन्त्रीहरूको बैठकमा समापन हुनेछन्, जहाँ नेताहरूले युवा सहयोगसम्बन्धी संयुक्त मन्त्रीस्तरीय वक्तव्य पारित गर्नेछन् ।

## 7.केन्द्रीय वित्तमन्त्री निर्मला सीतारामन

केन्द्रीय वित्तमन्त्री निर्मला सीतारामन आज एक उच्चस्तरीय मन्त्रीस्तरीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सिंगापुरको आधिकारिक भ्रमणमा जानुभएको छ । उहाँले त्यहाँ आयोजित चौथो भारत-सिंगापुर मन्त्रीस्तरीय गोलमेच सम्मेलन (ISMR) मा सहभागिता जनाउनुहुनेछ । यस प्रतिनिधिमण्डलमा विदेशमन्त्री डा. एस. जयशंकर, वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयल र इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि राज्यमन्त्री जितिन प्रसादको पनि सहभागिता रहेको छ ।
सन् २०२२ मा स्थापित यो मन्त्रीस्तरीय गोलमेच सम्मेलन भारत र सिंगापुरबीचको एक प्रमुख उच्चस्तरीय आर्थिक संयन्त्र हो । यसले उन्नत उत्पादन, कनेक्टिभिटी, डिजिटलाइजेसन, स्वास्थ्य सेवा तथा औषधि, सीप विकास र दिगोपन लगायतका छ वटा प्रमुख स्तम्भहरू अन्तर्गत प्रगतिहरूको समीक्षा गर्न र सहकार्यका नयाँ क्षेत्रहरू अन्वेषण गर्न एक सशक्त मञ्च प्रदान गर्दै आएको छ ।

## 8.केन्द्रीय शिक्षा मन्त्री प्रह्लाद जोशी

केन्द्रीय शिक्षा मन्त्री प्रह्लाद जोशीले आज उच्च शिक्षा विभागका वरिष्ठ अधिकारीहरूसँग भेटघाट गर्नुभएको छ । सो अवसरमा उहाँले प्रतियोगितात्मक परीक्षाको तयारी गरिरहेका देशका युवाहरूलाई निःशुल्क अनलाइन कोचिङ उपलब्ध गराउने प्रधानमन्त्रीको पहलको कार्यान्वयनको अवस्थाबारे समीक्षा गर्नुभयो ।
सामाजिक सञ्जालमा एक सन्देश साझा गर्दै मन्त्री जोशीले यो अनलाइन कोचिङले देशभरका विद्यार्थीहरूका लागि उच्च गुणस्तरीय सिकाइ सामग्री, विशेषज्ञहरूको मार्गदर्शन र व्यवस्थित तयारीका रणनीतिहरू सहज रूपमा उपलब्ध गराउँदै एक बलियो राष्ट्रिय मञ्च निर्माणमा विशेष ध्यान केन्द्रित गरेको उल्लेख गर्नुभएको छ ।

9.कोलम्बिया

गत साता पश्चिमी कोलम्बियालाई केन्द्रविन्दु बनाएर गएको ७.४ म्याग्निच्युडको शक्तिशाली भूकम्पमा परी ज्यान गुमाउनेको सङ्ख्या ३१२ पुगेको छ ।

राष्ट्रिय आपतकालीन जोखिम व्यवस्थापन एकाइका अनुसार भूकम्पमा परी ४ हजार ६११ जना घाइते भएका छन् भने अझै पनि २९० जना बेपत्ता रहेका छन् । प्रकोपमा परी करिब २७७ वटा भवनहरू भत्किएका छन् भने ३० हजारभन्दा बढी घरहरूमा क्षति पुगेको छ । भग्नावशेषमा पुरिएका वा बेपत्ता भएकाहरूको खोजीका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उद्धार टोलीहरू परिचालन गरिएका छन् ।

यसैबीच, भारतले पनि सङ्कटको यस घड़ीमा ऐक्यबद्धता जनाउँदै गत हप्ता २० मेट्रिक टन राहत सामग्री पठाएको छ ।

10. हक्की

नेदरल्याण्ड्सको अम्स्टल्भेनमा आज FIH पुरुष हक्की विश्वकपको पुल 'डी' को महत्वपूर्ण खेलमा भारतले चिरप्रतिद्वन्द्वी पाकिस्तानको सामना गरिरहेको छ । भारतीय समयअनुसार साँझ ६:३० बजे प्रारम्भ भएको यो खेल मा यो समाचार तयार पार्दासम्म भारत....... र पाकिस्तान ........ मा खेलिरहेका छन् । अर्को चरणमा पुग्नका लागि दुवै टोलीलाई यो खेल जित्नैपर्ने दबाब रहेको छ ।

यसैबीच, महिला हक्की विश्वकपको समूह चरणको खेलमा भारतीय महिला टोलीले दक्षिण अफ्रिकामाथि ६-१ गोलको शानदार विजय हासिल गरेको छ । यस जितसँगै भारत पुल 'डी' को शीर्ष स्थानमा उक्लिएको छ ।